दमक नगरपालिका, झापा

# स्थानीय राजपत्र


बर्ष : ५ प्रमाणीकरण मिति : २०७८/०३/२१

संख्या : १ प्रकाशन मिति : २०७८/०३/२३


भाग : १

२०७८ सालको ऐन संख्या : १

## दमक नगरपालिका, कर्मचारीको तह तथा स्तरवृद्धि सम्बन्धमा विशेष व्यवस्था गर्न बनेको ऐन, २०७८

**प्रस्तावना :** समायोजन ऐन, २०७५ बमोजिम तह तथा स्तर वृद्धि नपाएका दमक नगरपालिकामा कार्यरत कर्मचारीहरुका लागि वृत्ति विकास सम्बन्धी कानून जारी नहुदा वृत्ति विकासको अवसरबाट बञ्चीत भएका  कर्मचारीहरुलाई एक पटकका लागि वृत्ति विकासको अवसर दिई उत्प्रेरणाको वातावरण प्रभावकारी बनाउन र कर्मचारी सेवालाई सक्षम, सुदृढ र जवाफदेही बनाउन वाञ्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को (१) बमोजिम दमक नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "दमक नगरपालिका, कर्मचारीको तह तथा स्तर वृद्धि सम्बन्धमा विशेष व्यवस्था गर्न बनेको ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) **"नगरपालिका"** भन्नाले दमक नगरपालिका सम्झनु पर्छ ।

(ख) **"सभा"** भन्नाले दमक नगरसभा सम्झनु पर्छ ।

(ग) **"कार्यपालिका"** भन्नाले दमक नगर कार्यपालिका सम्झनु पर्छ ।

(घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले दमक नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ङ) **"कर्मचारी भन्नाले"** साविक स्थानीय निकायमा कार्यरत रही हाल दमक नगरपालिकामा समायोजन भई कार्यरत स्थायी कर्मचारी सम्झनु पर्छ ।

(च) **"सम्वन्धित निकाय"** भन्नाले प्रचलित कानूनद्धारा तोकिएका संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार सम्वद्ध सरकारी संयन्त्र सम्झनु पर्छ ।

(छ) **"तोकिए बमोजिम"** भन्नाले प्रचलित कानून, कार्यपालिका वा प्रमुख प्रशासकीय अधिकृतले तोके बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद -२
## तह तथा स्तर वृद्धि सम्बन्धी विशेष व्यवस्था

**३. तह तथा स्तर वृद्धि सम्बन्धी विशेष व्यवस्था** : (१) समायोजन ऐन, २०७५ जारी भएपछि तह तथा स्तर वृद्धिको सुविधा नपाएका दमक नगरपालिकामा

कार्यरत स्थायी कर्मचारीहरुलाई एक पटकका लागि मात्र देहाय अनुसार तह तथा स्तर वृद्धि गरिने छ ।

| हालको तह | सेवा अवधी | शैक्षिक योग्यता | तह तथा स्तर वृद्धि हुने | कैफियत |
|---|---|---|---|---|
| सहायक स्तर तृतीय | ५ वर्ष | दशौ कक्षा उत्तीर्ण | सहायक स्तर चतुर्थ | |
| सहायक स्तर चतुर्थ | ५ वर्ष | एस एल सि वा सो सरह | सहायक स्तर पाचौँ | |
| सहायक स्तर पाचौँ | ५ वर्ष | प्रवीणता प्रमाण पत्र तह वा सो सरह | अधिकृत स्तर छैटौ | |
| अधिकृत स्तर छैटौँ | ५ वर्ष | स्नातक तह वा सो सरह | अधिकृत स्तर सातौँ | |

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि महिला कर्मचारीहरुको हकमा सेवा अवधी १ वर्ष कम भएपनि तह तथा स्तर वृद्धि गर्न सकिनेछ ।

(३) उपदफा १ को अधिकृत छैटौँ तहबाट सातौँ तहमा तह तथा स्तर बृद्धि गर्दाको हकमा सेवा अवधी ६ वर्ष वा सो भन्दा वढी भए एक तह मुनिको शैक्षिक योग्यता भए पनि तह तथा स्तर वृद्धि गर्न सकिनेछ ।

(४) निलम्बन भएको अवधीभर उपदफा (१) बमोजिमको सेवाको सुविधा पाउने छैन ।

(५) उपदफा १ बमोजिम तह तथा स्तर वृद्धि हुने कर्मचारीका लागि दरबन्दी स्वत: सृजना हुनेछ र निजको तह तथा स्तर वृद्धि भएपछि साविकको पदमा कर्मचारी नियुक्ति गरिने छैन तर निजको अवकास भएमा साविक कै पद रिक्त भएको मानिने छ ।

(६) उपदफा १ बमोजिम तह तथा स्तर वृद्धि हुने कर्मचारीको ज्येष्ठता र तलब भत्ता नियुक्ति भएको मिति देखि नै कायम हुनेछ तर संगठन संरचना र

दरवन्दी पुनरावलोकन नभएसम्म निजले साविक बमोजिम कै कार्य सम्पादन गर्नुपर्नेछ ।

(७) यस दफा बमोजिमको तह तथा स्तर वृद्धि सम्बन्धी व्यवस्था यो ऐन जारी भएको मितिले ६ महिना सम्म वा सो भन्दा अगावै संघीय तथा प्रदेश सरकारबाट स्थानीय सेवा संचालन सम्बन्धी कानून जारी भएमा सो मिति सम्म मात्र लागू हुनेछ ।

(८) श्रेणी विहिन कर्मचारीको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

४. **तह तथा स्तर वृद्धिको पत्र दिने :** यस ऐन बमोजिम तह तथा स्तर वृद्धिका लागि कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले तह तथा स्तर वृद्धि पत्र दिनेछ ।

५. **तह तथा स्तर वृद्धि भएका कर्मचारीको सेवा सुविधा** : (१) यस ऐन बमोजिम तह तथा स्तर वृद्धि भएका कर्मचारीको तलब भत्ता प्रचलित कानून बमोजिम हुनेछ ।

(२) तह तथा स्तर वृद्धि पश्चात खाईपाई आएको तलबमा घटी हुने भएमा सो बराबरको रकम ग्रेड थप गरिनेछ ।

(३) तह तथा स्तर वृद्धि भएका कर्मचारीले तोकिएको कार्यक्षेत्रमा तोकिए बमोजिमको कामकाज गर्नुपर्नेछ ।

६. **प्रचलित कानून लागू हुने :** स्थानीय तहका कर्मचारी व्यवस्था सम्बन्धी संघीय वा प्रदेश सरकारबाट कानून वा मापदण्ड जारी भएमा सोही बमोजिम हुनेछ ।

७. **बदर हुने :** यस ऐनको कुनै व्यवस्था प्रचलित कानूनसँग वाझिएमा वाझिएको हद सम्म स्वत: वदर हुनेछ ।

**आज्ञाले**
**गणेश प्रसाद तिम्सिना**
**प्रमुख प्रशासकीय अधिकृत**